जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ४५ २०८२ साल भदौ २४ गते मंगलबार (9 Sep 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : सामाजिक सञ्जाल मनोरञ्जनको... ३ पृष्ठमा : राष्ट्रिय युवा नीति २०८२... ३ पृष्ठमा : तेल बजारमा सुधारको...

# जेनजीका प्रदर्शनकारीमाथी प्रहरीले गोली चलाउँदा १९ जनाको मृत्यु



तस्बिर : रातोपाटी डट कम

**दैनिक समाचारदाता राजविराज, २३ भदौ ।**

भ्रष्टाचारबिरुद्ध तथा सामाजिक संजाल खुल्ला राख्नुपर्नेसहितका माग राख्दै सोमबार आन्दोलनमा उत्रेका जेनजीका प्रदर्शनकारीमाथी प्रहरीले गोली चलाउँदा १९ जनाको मृत्यु भएको छ ।

काठमाडौं लगायत मुलुकको अन्य जिल्लामा भएको उक्त प्रदर्शनका क्रममा ४ सय ५३ जना घाइते भएका छन् । यस्तै प्रदर्शनको सुरक्षामा खटिएका १ सय ७८ जना प्रहरी घाइते भएका छन् । उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

देशमा व्याप्त भ्रष्टाचार अन्त्यलगायतका माग राख्दै जेनजीले सोमबार बिहान ९ बजेदेखि काठमाडौं, झापा, सुनसरी, कास्की, काभ्रे, रूपन्देही, चितवन र दाङका विभिन्न स्थानमा प्रदर्शन गरेका थिए ।

काठमाडौंको माइतीघर हुँदै नयाँ बानेश्वर पुगेको प्रर्दशन आक्रामक बन्दै प्रहरी घेरा तोड्न पुगेपछि प्रदर्शनले हिंसात्मक रुप लिएको हो । प्रदर्शनकारी संसद् भवनभित्र प्रवेश गर्नका लागि उक्त भवनको गेट, पर्खाल भत्काउने र आगोसमेत लगाउन खोजेको प्रहरी स्रोतको भनाई छ ।

त्यसपछि प्रहरीले दुईपटक अश्रुग्यास प्रहार गरेको थियो । केहीबेर प्रदर्शनकारी तितरवितर भए पनि फेरि संगठित भएर अघि बढेका थिए । प्रहरीले आफूमाथि ढुंगामुढा भएपछि प्रतिरक्षाका लागि गोली चलाएको बताएको छ ।

यस्तै सुनसरीको इटहरीमा प्रदर्शनकारी उग्र बनेर आगजनीमै उत्रिए । उनीहरूले इटहरी उपमहानगरपालिकाको एउटा भवन जलाइदिएका छन् ।

इटहरीमा प्रहरीले गोली चलाउँदा २ जना प्रदर्शनकारीको ज्यान गएको छ । अहिले त्यहाँ प्रशासनले कर्फ्यु लगाएको छ ।

यता राष्ट्रिय मानव अधिकार आयोगले अत्यधिक बल प्रयोग भएको भन्दै चिन्ता व्यक्त गरेको छ ।

‘यस प्रकारका प्रदर्शनहरू तोडफोड र आगजनीमा बदलिनु र सुरक्षा निकायले अत्यधिक बल प्रयोग गर्नु दुःखद छ,’ आयोगले विज्ञप्तिमार्फत भनेको छ ।

यसैबीच प्रदर्शनमा उत्रिएका जेनजी समूहका ५४ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रदर्शन स्थलमा उच्छृङ्खल गतिविधि गर्ने ५४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिल बोहराले बताए । विभिन्न अनलाइन पोर्टलको सहयोगमा

## गृहमन्त्रीद्वारा राजीनामा

**दैनिक समाचारदाता राजविराज, २३ भदौ ।**

गृहमन्त्री रमेश लेखकले सोमबार साँझ राजीनामा दिएका छन् । जेनजीको प्रदर्शनमा अत्यधिक दमन भएपछि आलोचना खेपिरहेका गृहमन्त्री लेखकले राजीनामा दिएका हुन् ।

उनले सोमबार साँझ बालुवाटार पुगि प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राजीनामा पत्र बुझाएका हुन् । गृहमन्त्री लेखकलाई आफ्नै पार्टी नेपाली काँग्रेसका नेताहरुले समेत राजीनामा दिन दबाब दिँदै आएका थिए ।

## सरकारको निरंकुशभन्दा ठूलो कदम भन्दै सप्तरीका तीन संस्थाद्वारा भर्त्सना

**दैनिक समाचारदाता राजविराज, २३ भदौ ।**

भ्रष्टाचारबिरुद्ध तथा सामाजिक संजाल खुल्ला राख्नुपर्नेसहितका माग राख्दै आन्दोलनमा उत्रेका जेनजीको टोलीमाथि प्रहरीले अन्धाधुन्ध गोली प्रहार गरी दर्जनौंको ज्यान लिएको घट्नाप्रति सप्तरीका तीन संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ ।

राजविराज उच्च अदालत बार एशोसिएसनका अध्यक्ष हरेराम यादव, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव र उच्च अदालत बार एशोसिएशन मानवअधिकार समितिका संयोजक मो. समीम अख्तर अलीले सोमबार संयुक्त रुपमा विज्ञप्ति जारि गर्दै उक्त ध्यानाकर्षण भएको जनाइएको हो ।

काठमाडौंसहित देशका बिभिन्न शहरमा आन्दोलनमा उत्रेका प्रदर्शनकारीमाथि प्रहरीले बर्बरतापूर्वक गोली प्रहार गरी ज्यान लिनु र सयौंलाई घाइते बनाउनु सरकारको निरंकुशभन्दा ठूलो कदम रहेको ठहर गर्दै घट्नाको कडा रुपमा भर्त्सना गरिएको छ ।

“जुनसुकै प्रदर्शनमाथि दमन गर्नु हुन्न । हाम्रै संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रदान गरेको छ । यसतर्फ सरकारको ध्यान नगई आफ्नै नागरिकको ज्यान लिनु मानवअधिकारको ठूलो हनन् हो । र, सरकारको नालायिकिपन हो । यसले सरकार जनताका लागि नभई आफ्नो स्वेच्छाचारीमा लागेको पुष्टि गराउँछ ।” विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा यस किसिमको दमन रोक्न सरकारको ध्यानाकर्षण गराउँदै मृतकको परिवारलाई क्षतिपूर्ती उपलब्ध गराउन, घाइतेको निःशुल्क उपचार गर्न माग गरिएको छ । साथै घट्नाको छानबिन गरी दोषीमाथि कार्वाही गर्न र आन्दोलनरत पक्षलाई पनि संयमता अपनाउन आह्वान गरिएको छ । आन्दोलनरत पक्षलाई अबिलम्ब वार्तामा बोलाई समस्याको समाधान गर्न सरकारसँग विज्ञप्तिमार्फत आग्रह पनि गरिएको छ ।

## बिराटनगरमा दुई दिन विद्यालय बन्द

**दैनिक समाचारदाता बिराटनगर, २३ भदौ ।**

जेनजी आन्दोलनका कारण बिराटनगरमा मंगलबार र बुधबार विद्यालय बन्द गर्ने निर्णय गरएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार, सरोकारवालाहरूको बैठकले मंगलबार र बुधबार विद्यालय बन्द गर्ने निर्णय भएको हो ।

जेनजीको आन्दोलन उग्र बनेपछि प्याब्सन र हिसानले विद्यालय बन्दका लागि स्थानीय प्रशासनसँग पहल गरेका थिए ।

निजी विद्यालय सञ्चालकहरुको संगठन प्याब्सनका पूर्वअध्यक्ष टीकाराम पुरीले जेनजीको आन्दोलनका कारण विद्यालय सञ्चालन गर्ने वातावरण नभएको बताएका छन् ।

## चार पत्रकार घाइते

काठमाडौँ, २३ भदौ (रासस) ।

‘जेनजी’ प्रदर्शनको समाचार सङ्कलनमा खटिएका चार पत्रकार घाइते भएका छन् । नयाँ बानेश्वर क्षेत्रमा विरोध प्रदर्शनको समाचार सङ्कलन गर्न खटिएका पत्रकारहरू श्याम श्रेष्ठ, दीपेन्द्र ढुङ्गाना, उमेश कार्की र शम्भु दङ्गाल घाइते भएका नेपाल पत्रकार महासङ्घले जनाएको छ ।

घाइते पत्रकारको ट्रमा सेन्टर, पाटन अस्पताल र सिभिल अस्पतालमा उपचार भइरहेको छ । महासङ्घका महासचिव रामप्रसाद दाहालले घाइते पत्रकारको अवस्थाबारे जानकारी लिने काम भइरहेको बताउनुभयो ।

## ‘मानव अधिकार आयोगको गाडीमा आगजानी’

काठमाडौँ, २३ भदौ (रासस) ।

जेनजी प्रदर्शनको अनुगमन गर्न गएको राष्ट्रिय मानव अधिकार आयोगको टोली सवार गाडीमा आगजनी भएको छ । गाडीमा चार जना सवार रहेको र उनीहरू सकुशल रहेको आयोगका प्रवक्ता डा टीकाराम भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार नयाँ बानेश्वरस्थित ‘जेनजी’ प्रदर्शनका क्रममा भएको झडपका घाइतेको अवस्था बुझ्न त्यसतर्फ जाँदै गर्दा आन्दोलनकारीले आयोगको गाडीमा आगजनी गरेका हुन् ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:
- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्‍याउँछ,
- खेतीपातीमा विपादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरु बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्‍याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुर्‍याउँछ,
- जैविक बिबिधता बुझ्न, मौसम परिबर्तनको संकेत थाहा पाउन र बाताबरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुर्‍याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक सञ्जाल मनोरञ्जनको माध्यम मात्र होईन अन्यायको विरोध गर्ने ठाउँ पनि हो

प्रेमचन्द्र झा

नेपालमा पछिल्ला केही वर्षयता अभिव्यक्ति स्वतन्त्रतामाथि विविध बहानामा बारम्बार हस्तक्षेप हुँदै आएको छ । राष्ट्रियताको नाममा, सामाजिक सद्भावको रक्षा गर्ने बहानामा, वा झुटा सूचना नियन्त्रण गर्ने नाउँमा सरकारले विभिन्न चरणमा सामाजिक सञ्जाल प्रतिबन्ध गर्दै वा नियन्त्रण गर्ने निर्णयहरू गर्दै आएको छ । यो घटनाक्रम यत्तिको सामान्य छैन, जसलाई केवल इन्टरनेट सेवा अवरुद्ध गरियो भनेर टार्न सकिन्छ । यसको गहिरो प्रभाव लोकतान्त्रिक मूल्य र नागरिक स्वतन्त्रतामाथि पर्छ । अभिव्यक्ति स्वतन्त्रताको हनन कुनै अल्पकालीन नीतिगत निर्णय होइन; यो लोकतन्त्रको मेरुदण्डमाथि प्रहार हो । अझ चिन्ताजनक कुरा त के हो भने यस्ता कदमहरूमा सरकार एक्लो छैन–लोकतन्त्रको ऐतिहासिक यात्रामा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक दलहरू समेत यस्ता कार्यहरूमा मौन साथ दिइरहेका छन् ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वतन्त्र रूपमा विचार व्यक्त गर्ने, सूचना प्राप्त गर्ने र स्वतन्त्र प्रेसको माध्यमबाट राज्यको निगरानी गर्ने अधिकार दिएको छ । तर, जब सामाजिक सञ्जालजस्ता खुला माध्यमहरू बन्द गरिन्छन्, तब यी अधिकारहरू केवल कागजमा सीमित हुने खतरा उत्पन्न हुन्छ । सरकारको भनाइ छ–सामाजिक सञ्जालबाट नकारात्मक प्रभावहरू फैलिन सक्छन्, सामाजिक सद्भाव बिग्रन सक्छ, वा राष्ट्रियतामाथि चोट पुग्न सक्छ । तर यस्ता तर्कहरू केवल आवरण हुन् । यथार्थमा, सामाजिक सञ्जाल सरकारका लागि असहज प्रश्न उठाउने, आलोचना गर्ने, र सत्ताको जवाफदेहिता माग्ने आवाजहरूका लागि सशक्त माध्यम बनिसकेको छ । यसैले, यस्ता माध्यमहरू बन्द गर्दा सरकारलाई स्वतन्त्रतावादी भन्दा बढी नियन्त्रणवादी, अर्थात् निरंकुश देखिन्छ ।

जब कुनै सामाजिक सञ्जाल बन्द गरिन्छ, त्यसको प्रत्यक्ष प्रभाव सर्वसाधारण नागरिकहरूमा पर्छ । नेपालजस्तो देशमा जहाँ औपचारिक मिडिया संस्थाहरू पनि राजनीतिक आस्थाले विभाजित छन्, त्यहाँ वैकल्पिक माध्यम–जसले नागरिकका वास्तविक पीडा, असन्तुष्टि र आवाजलाई स्थान दिन सक्छ–सामाजिक सञ्जालहरू नै हुन् । युट्युबमा जनताको आफ्नै शैलीमा भनिएका कथा, टिकटकमा बनाइएका आलोचनात्मक सन्देश, वा फेसबुकमा व्यक्त गरिएको असहमति–यी सबै अभिव्यक्तिको नयाँ युगका संकेत हुन् । तर जब सरकार ती सबै माध्यम बन्द गर्छ, त्यसले जनतामा डरको वातावरण सिर्जना गर्छ । नागरिकहरू बोल्न डराउँछन्, किनभने उनीहरूलाई थाहा छ–सरकार हेरेर बसेको छ ।

अभिव्यक्तिको स्वतन्त्रता केवल राजनीतिक भाषणको कुरा होइन, यो सामाजिक न्यायको मेरुदण्ड पनि हो । एउटा शिक्षिका जब युट्युबमा भाषा पढाउँछिन्, एउटा युवा जब फेसबुकमार्फत घरमै बनाएको खाना बेच्न खोज्छ, वा एउटा ब्लगर जब सडकको भ्रष्टाचार उजागर गर्छ–तिनीहरू सबै आफ्नो जीविकासँगसँगै समाजमा योगदान दिइरहेका हुन्छन् । तर यस्ता प्लेटफर्महरू बन्द हुँदा तिनीहरूको जीवनयापनमा गम्भीर असर पर्छ । साना व्यवसायी, होम-मेकरहरू, अनलाइन स्टोर चलाउनेहरू, डिजिटली प्रशिक्षित युवाहरू–सबैको भविष्य अनिश्चित बन्द हुँदै जान्छ ।

अझै गम्भीर कुरा के छ भने, यस्ता निर्णयहरू सरकारले अचानक लिन्छ । बिना पूर्वसूचना, बिना सार्वजनिक संवाद, र प्रायः बिना कानुनी प्रक्रिया, केवल कुनै न कुनै आन्तरिक निकायको सिफारिसमा निर्णय हुन्छ । यस्तो निर्णय प्रक्रियाले कानुनी राज्यको सिद्धान्तमाथि पनि प्रश्न उठाउँछ । यदि एउटा सरकारले नागरिकसँग संवाद नगरी, प्रत्यक्ष सरोकारका निर्णय अचानक लिन्छ भने, दुःखद हो ।

अहिले यस्ता निर्णयहरू सरकारबाट आउँछन् भने पनि त्यसमा सत्ता साझेदार बनेका दलहरूको मौनता झनै दुःखद छ । नेपाली कांग्रेस, जसले दशकौंसम्म अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्रको लागि लडाइँ गरेको इतिहास बोकेको छ, आज सत्ता स्वार्थका कारण मौन छ । संसदमा यस्ता कार्यहरूको विरोध गर्ने आवाज उठ्दैन, सडकमा जनताको पक्षमा उभिने नेतृत्व देखिँदैन । यस्ता कार्यहरूमा मौन बसेको राजनीतिक दलले लोकतन्त्रको संरक्षण गर्न सक्छ भन्ने विश्वास जनताले राख्न सक्दैनन् । जब जनताले विश्वास गुमाउँछन्, तब विकल्प खोज्न थाल्छन् । तर विकल्प पनि त्यस्तै भएपछि लोकतन्त्रप्रति नै वितृष्णा बढ्छ, जुन लोकतन्त्रको दीर्घकालीन स्वास्थ्यका लागि घातक हुन्छ ।

केवल राजनीतिक रूपमा होइन, यस्ता कार्यहरूले समाजमा विभाजन पनि उत्पन्न गर्छ । एकातर्फ, राज्यद्वारा समर्थित सन्देश मात्र बाहिर आउँछ । अर्कातर्फ, असन्तुष्ट जनताको आवाज बन्द कोठाभित्र सीमित रहन्छ । यस्तो असन्तुलनले समाजमा गहिरो तनाव र हिंसात्मक प्रतिक्रिया जन्माउन सक्छ । जब कुनै माध्यम बन्द हुन्छ, जनताले वैकल्पिक (वा अघोषित) माध्यम रोज्न थाल्छन्, जसले अझ जोखिम बढाउँछ । उदाहरणका लागि, प्रतिबन्धित सामाजिक सञ्जालको सट्टा खुएल प्रयोग गर्न थालिन्छ, जसले डेटा सुरक्षामा खतरा उत्पन्न गर्छ, र राज्यको नियन्त्रण अझ खतरनाक प्रविधिमा जान सक्छ ।

कानुनी हिसाबले पनि हेर्ने हो भने, नेपालको संविधानले नागरिकलाई प्राप्त मौलिक अधिकार बिना तर्क, सूचना वा न्यायिक समीक्षाविना निलम्बन गर्न सकिँदैन भनी स्पष्ट रूपमा व्याख्या गरेको छ । तर यस्ता सामाजिक सञ्जाल बन्द गर्ने निर्णयहरू कुनै कानुनी प्रक्रियाअनुरूप गरिएको देखिँदैन ।

अहिलेको सरकारमाथि बारम्बार निरंकुशतामा उन्मुख भएको आरोप लागिरहेको छ । संविधानको रक्षा गर्नु पर्ने संस्थाहरू आफैले संवैधानिक अधिकार सीमित गरिरहेका छन् । आलोचना उठाउनेलाई कारबाही गर्ने, सामाजिक सञ्जालमा सरकारविरुद्ध बोल्नेहरूमाथि निगरानी राख्ने, र सूचना प्रवाह रोक्ने कामहरू बढ्दै छन् । कतिपय पत्रकारहरूले सामाजिक सञ्जालमा राखेको टिप्पणीका लागि थुना भोग्नुपरेको छ । नागरिकले फेसबुक स्टेटस लेखेको आधारमा उजुरी परेका छन् । यस्ता गतिविधिहरू लोकतान्त्रिक अभ्यास नभई प्रहरी राज्यको संकेत हुन् ।

सामाजिक सञ्जालहरू लोकतन्त्रका लागि चुनौतीपूर्ण त हुन्, तर त्यहाँ झुठा सूचना, घृणा भाषण वा विकृति भएको भन्दैमा बन्द गर्नु समाधान होइन । राज्यको कर्तव्य नियन्त्रण होइन, व्यवस्थापन हो । डिजिटल साक्षरताको अभाव, तथ्य-जाँचको कमजोर संरचना, नियमन नीतिको अस्पष्टता–यी सबैको सुधार गरेर नागरिकलाई सचेत बनाउनु दीर्घकालीन उपाय हो । सस्तो लोकप्रियताको लागि प्रतिबन्ध लगाउने प्रवृत्तिले लोकतन्त्रलाई कमसल बनाउँछ, सशक्त होइन ।

अब प्रश्न उठ्छ–यस्तो अवस्थाबाट कसरी बाहिर निस्कने? उत्तर भनेको सक्रिय नागरिक चेतना, पेशागत संस्थाहरूको प्रतिरोध र वैधानिक संस्थाहरूको जवाफदेहिता हो । पत्रकार महासंघले अब चुप लागेर बस्ने होइन, सक्रिय रूपमा सामाजिक सञ्जाल बन्दको विरोध गर्नुपर्छ । मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरेर प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । अधिवक्ताहरूले अदालतमा रिट दर्ता गरेर कानुनी लडाइँ लड्नुपर्छ । नागरिक समाजले विद्यालय, कलेज, समुदायमा कार्यक्रम गरेर अभिव्यक्ति स्वतन्त्रताको महत्त्वबारे जनचेतना फैलाउनु अत्यावश्यक छ । केवल काठमाण्डौमा प्रेस कन्फरेन्स गरेर होइन, देशभरका युवामा डिजिटल अधिकारको शिक्षा दिन सकियो भने लामो यात्रामा लोकतन्त्र बलियो हुनेछ ।

अन्तर्राष्ट्रिय संस्थाहरूको ध्यानाकर्षण गराउनु पनि जरुरी छ । संयुक्त राष्ट्रसंघ, एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाचजस्ता संस्थाहरूलाई यस्ता कार्यहरूको तथ्यसहित जानकारी दिइनुपर्छ ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा अन्तर्राष्ट्रिय छविको प्रभाव ठूलो हुन्छ । यदि यस्ता संस्थाहरूले स्पष्ट रूपमा नेपालमा अभिव्यक्ति स्वतन्त्रताको हनन भएको भनी आफ्नो रिपोर्टहरूमा लेखे भने, त्यसले सरकारमाथि वैधानिक दबाव सिर्जना गर्न सक्छ । नेपाल सरकार अन्तर्राष्ट्रिय सहायता, अनुदान, र कूटनीतिक समर्थनमा निर्भर रहेको अवस्था छ । त्यसैले, अन्तर्राष्ट्रिय समुदायबाट आएको आलोचना वा अवलोकनले शासक वर्गलाई सोच्न बाध्य बनाउँछ ।

यस्तै, स्थानीय तहमा पनि सचेतना अभियान सञ्चालन गर्नु अहिलेको आवश्यकता हो । धेरै नागरिकहरू अझै अभिव्यक्ति स्वतन्त्रता भनेको के हो भन्ने कुरा नै ठिकसँग बुझ्दैनन् । अझ डिजिटल अधिकार र इन्टरनेट स्वतन्त्रता जस्ता विषयहरू ग्रामीण क्षेत्रमा कमै मात्रामा उठान भएका छन् । सामुदायिक रेडियो, स्थानीय कलेज, विद्यालय, र सामाजिक संस्थामार्फत कार्यक्रम सञ्चालन गरी नागरिकलाई संविधानमा उल्लेखित आफ्ना अधिकारबारे जानकारी दिन सकिन्छ । जब नागरिकहरू आफ्ना अधिकारबारे सचेत हुन्छन्, तब तिनको हनन सहन तयार हुँदैनन् ।

हामीले बुझ्नैपर्ने अर्को कुरा हो कि लोकतन्त्र केवल चुनावमा मत हालेर टुङ्गिने अभ्यास होइन । लोकतन्त्र भनेको निरन्तर संवाद, आलोचना, बहस, विरोध, र विकल्प खोज्ने प्रक्रिया हो । सरकार चलाउनेहरू सर्वशक्तिमान होइनन्; उनीहरू नागरिकका सेवक हुन् । त्यसैले नागरिकले प्रश्न गर्ने, आलोचना गर्ने, र उत्तर माग्ने पाउने अधिकार हो । तर जब राज्य नागरिकको त्यो अधिकारमाथि अंकुश लगाउँछ, तब त्यो लोकतन्त्रको अन्त होइन भने पनि गम्भीर क्षति भने अवश्य हो ।

यस्ता खालका गतिविधिहरू–जस्तै सामाजिक सञ्जाल बन्द गर्नु–प्रायः एक खालको मानसिकताबाट निर्देशित हुन्छ । त्यो मानसिकता हो–"शासन गर्न सजिलो बनाउने"; जसमा नागरिकलाई सुन्ने होइन, नियन्त्रण गर्ने प्राथमिकता हुन्छ । यस्तो सोचले नै निरंकुश शासनको जग बसाल्छ । इतिहास साक्षी छ, जब जुनसुकै मुलुकमा अभिव्यक्ति स्वतन्त्रता बन्द भयो, नागरिकले बोल्न छाडे, पत्रकारहरू जेल परे, अनि शासन गर्नेहरूले असहमति सहन छाडे–त्यो देशको पतन सुरु भयो । नेपालले यस्तो इतिहास एक पटक होइन, धेरै पटक भोगेको छ । पञ्चायतकाल, राजतन्त्रकाल वा सैन्य हस्तक्षेप–हरेक पटक पहिलो प्रहार अभिव्यक्तिमाथि नै भयो । अनि फेरि जनआन्दोलन आवश्यक पर्यो । अब फेरि त्यो इतिहास दोहोरिन नदिन हामी सबै सचेत हुनुपर्छ ।

आजको समयमा, डिजिटल संसार नागरिक सशक्तीकरणको सबैभन्दा प्रभावकारी माध्यम बनेको छ । लोकतन्त्रलाई जोगाउन सामाजिक सञ्जाल आवश्यक छ । हरेक नागरिक अब पत्रकारजस्तै बनेका छन्–भ्रष्टाचार देखे मोबाइलले खिच्छन्, आवाज उठाउँछन्, एक अर्कालाई चेतावनी दिन्छन् । यसैले सामाजिक सञ्जाल बन्द गर्नु भनेको त्यो शक्ति जनताबाट खोस्ने प्रयास हो । यो लोकतन्त्रमा अक्षम्य अपराध हो ।

सरकारले यदि साँच्चै जनताको हित चाहन्छ भने, तिनीहरूलाई चुप गराएर होइन, सुनेर अघि बढ्नुपर्छ । सामाजिक सञ्जालबाट हुने विकृतिहरू हटाउन नीतिगत सुधार ल्याउन सकिन्छ, डिजिटल साक्षरताको अभियान सञ्चालन गर्न सकिन्छ, गलत सूचना विरुद्धका उपकरण निर्माण गर्न सकिन्छ । तर प्लेटफर्म नै बन्द गर्नु भनेको आगो निभाउन पानी होइन, तेल खन्याउने हो ।

यदि हामीले अहिले पनि चुपचाप सह्य गर्यौं भने, भोलि अरू अधिकार पनि खोसिन सक्छन्–पत्रकारिताको स्वतन्त्रता, सभा-प्रदर्शनको अधिकार, वा राजनीतिक सहभागिता । अनि फेरि एकपटक नागरिकको हैसियत मतदाता मात्रमा सीमित हुनेछ, जो पाँच वर्षमा एकपटक मतदान गर्छ, अनि बाँकी समय मौन रहन बाध्य हुन्छ । यस्तो अवस्थामा लोकतन्त्रको नाम त बाँकी रहन्छ, तर आत्मा मरेको हुन्छ ।

नेपालमा प्रजातान्त्रिक आन्दोलनमा लडेका लाखौं नागरिकहरूको सपना के थियो? यस्तो राज्य जहाँ शासन जवाफदेही होस्, जनता स्वतन्त्र होऊन्, र सत्तामा बसेकाहरू आलोचना सहन तयार होऊन् । तर अहिले जति जति सूचना प्रविधिमा प्रगति हुँदैछ, उति नै राज्य शक्तिको दुरुपयोग पनि देखिँदैछ । सीसीटीभी निगरानी, डिजिटल ट्र्याकिङ, सामाजिक सञ्जाल नियन्त्रण–यी सबै प्रविधिहरू जनताको हितका लागि होइन, सत्ताको सुविधा र सुरक्षा सुनिश्चित गर्न प्रयोग गरिँदैछ ।

यस्तो अवस्थामा नागरिक आवाज उठाउने ठाउँ अझै बाँकी छ भने त्यो हो–संगठित प्रतिरोध । नागरिक समाज, मिडिया, मानव अधिकारकर्मी, अधिवक्ता, युवा, शिक्षक–सबै मिलेर आवाज उठाउनुपर्ने समय यही हो । लोकतन्त्रको रक्षाका लागि आज बोल्न नसक्नेहरूले भोलि सास फेर्न पनि नपाउने अवस्था आउन सक्छ ।

अब हामीसँग प्रश्न छ–के हामी फेरि त्यही निरंकुशताको युगतिर फर्कन चाहन्छौं? जहाँ एकाधिकार चल्छ, आलोचना अपराध ठहरिन्छ, र जनता 'कृपा' मा बाँच्छन्? कि हामी त्यो लोकतान्त्रिक संस्कृतिको अभ्यास

बाँकी तीन पृष्ठमा

## सामाजिक सञ्जालसम्बन्धी सरकारको निर्णयविरुद्ध रिट दर्ता गर्न अस्वीकार

काठमाडौं, २३ भदौ (रासस) ।

सर्वोच्च अदालतले सामाजिक सञ्जालसम्बन्धी सरकारले गरेको निर्णयविरुद्ध परेको रिट निवेदन दरपीठ (दर्ता गर्न अस्वीकार) गरेको छ ।

सर्वोच्चका रजिस्ट्रार मानबहादुर कार्कीले सर्वोच्च अदालतको फैसलालाई आधार बनाउँदै सरकारले सामाजिक सञ्जाल दर्ता गर्न आह्वान गरेको उल्लेख गर्दै रिट निवेदन दरपीठ गर्नुभएको जनाइएको छ ।

सार्वजनिक सरोकारअन्तर्गत अधिवक्ता डा सुनिलरञ्जन सिंहसहित छुट्टाछुट्टै १० वटा रिट निवेदन सर्वोच्चमा परेका थिए ।

दरपीठ आदेशमा भनिएको छ, "यसमा विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भदौ ९ गतेमा नेपालमा सञ्चालित सामाजिक सञ्जाललाई सात दिनभित्र सूचीकरण गर्नुपर्ने भनी भदौ १२ मा सातदिने सार्वजनिक सूचना प्रकाशन गरेको थियो । नेपाल सरकारको नाममा मिति २०८१ असोज १३ मा आदेशसमेत भएको हुँदा माथि उल्लिखित निर्देशिकाबमोजिम सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई निष्क्रिय गर्नेगरी भएको सूचना तथा पत्रलाई समेत बदर गरी पाउँ भनी यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत लिई आएको प्रस्तुत निवेदन दर्ता गर्न मिलेन ।"

यसैगरी मुलुकी देवानी कार्यविधिसंहिता, २०७४ को दफा १२८ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८(२) बमोजिम दरपीठ गरी दिइएको र यो आदेशको जानकारी सम्बन्धित पक्षलाई दिई कानुनबमोजिम गर्नू भनि आदेशमा उल्लेख गरिएको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय युवा नीति २०८२ सार्वजनिक

काठमाडौँ, २३ भदौ (रासस)।

युवा तथा खेलकुद मन्त्रालयले आम युवाको समग्र पक्षलाई सम्बोधन गर्ने गरी राष्ट्रिय युवा नीति २०८२ सार्वजनिक गरेको छ।

मन्त्रालयद्वारा सोमबार यहाँ आयोजित एक कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव डा हरिप्रसाद लम्सालगायतले युवा नीति सार्वजनिक गर्नुभएको हो। खेलकुदमन्त्री चाधरीले १८ देखि ३५ वर्ष उमेर समूहलाई युवा मानिएको र समग्र युवाको शिक्षा, स्वास्थ्य, रोजगारलगायतको विषय यस युवा नीतिमा समावेश गरिएको बताउनुभयो।

त्यस्तै मन्त्रालयका सचिव लम्सालले सात प्रदेश र विज्ञहरूसहित करिब एक हजारभन्दा बढी व्यक्तिको छलफलबाट उक्त नीति तयार गरिएको बताउनुभयो। उहाँले एआईलगायतका विभिन्न प्रविधि भित्रिएसँगै यसलाई सम्बोधन गर्न पनि नीति ल्याएको बताउनुभयो।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले जेनजी पुस्तालाई पनि समेट्ने किसिमको युवा नीति आएको बताउनुभयो। यस युवा नीतिमा युवाको सर्वाङ्गीण विकास गर्ने, राज्यको विकासमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, राष्ट्रभाव भएका सदाचारी एवम् सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा योगदान गर्ने लक्ष्य लिएको छ।

त्यसैगरी, गुणस्तरीय शिक्षामा युवाको पहुँच बढाउने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी दक्ष युवा जनशक्ति तयार गर्न रोजगारमूलक शिक्षामा युवाको सहभागिता वृद्धि गर्नेलगायत शिक्षासँग सम्बन्धित नौवटा कार्यनीति ल्याएको छ। त्यस्तै, घातक रोग, एचआइभी सङ्क्रमण, लागूऔषध दुर्व्यसन तथा कुलतमा परेका युवाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेलगायत स्वास्थ्य क्षेत्रमा आठवटा नीति ल्याएको छ।

'डिजिटल' समावेशीकरणको सिद्धान्तअनुरुप सूचना प्रविधिको प्रयोगमा सबै युवाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रविधिको क्षेत्रलाई रोजगारीको मुख्य केन्द्रका रूपमा विकास गर्ने, खेलकुद क्षेत्रमा युवाको सहभागितालगायत विषय युवा नीतिमा समावेश गरिएको छ।

# हैजा नियन्त्रणका लागि प्रभावित क्षेत्रमा स्वास्थ्य मन्त्रालयले पठायो औषधि

काठमाडौँ, २३ भदौ (रासस)।

हैजा नियन्त्रणका लागि प्रभावित क्षेत्रमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले औषधि पठाउने भएको छ।

हैजा प्रभावित क्षेत्रहरूका लागि आवश्यक पर्ने कोलेरा किट सोमबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ।

देशका विभिन्न स्थानमा हैजाको प्रकोप देखिएसँगै यसको रोकथाम, नियन्त्रण र उपचारलाई प्रभावकारी बनाउन उक्त सामग्री हस्तान्तरण गरिएको हो।

सो अवसरमा स्वास्थ्यमन्त्री पौडेलले हैजाको प्रकोप देखिएका स्थानहरूमा स्वास्थ्यकर्मीको टोली परिचालन गरिरहेको र थप स्वास्थ्य सहायता उपलब्ध गराउन मन्त्रालयले तीव्र रूपमा कार्य गरिरहेको बताउनुभयो। "हैजाको प्रकोप देखिएका स्थानहरूमा हामीले तत्कालै विशेषज्ञ स्वास्थ्यकर्मीहरूको टोली परिचालन गरिसकेका छौँ," उहाँले भन्नुभयो, "हैजा प्रभावित क्षेत्रको अवस्थाका बारेमा निरन्तर अनुगमन भइरहेको र आवश्यकताअनुसार थप स्रोतसाधन परिचालन गर्न मन्त्रालय तयारी अवस्थामा रहेको छ।"

हस्तान्तरण गरिएका कोलेरा किटमा हैजाको प्रारम्भिक निदान, नियन्त्रण र उपचारका लागि आवश्यक रिएजेन्ट्स, पुनर्जलीय झोल, आई भी फ्ल्युड्स, एन्टिबायोटिकलगायत ८७ प्रकारका स्वास्थ्य सामग्री समावेश छन्।

विश्व स्वास्थ्य सङ्गठनले उपलब्ध गराएको उक्त किटलाई मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागमार्फत हैजा प्रभावित जिल्लाका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहमा तुरुन्तै पठाउने व्यवस्था मिलाइएको छ।

केही समयअघि स्वास्थ्यमन्त्री पौडेलले हैजा प्रभावित वीरगञ्जको स्थलगत अनुगमन गरी बिरामीको निःशुल्क उपचार, औषधि, जीवनजल र अन्य आवश्यक स्वास्थ्य सामग्रीको मन्त्रालयमार्फत व्यवस्था गर्नुभएको थियो। मन्त्रालयले हैजाको प्रकोप नियन्त्रणका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी काम गरिरहेको जनाएको छ।

# अनधिकृत 'भर्चुअल प्राइभेट नेटवर्क' प्रयोग नगर्न आग्रह

काठमाडौँ, २३ भदौ (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनाधिकृत, जोखिमयुक्त भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन) प्रयोग नगर्न तथा नगराउन सर्वसाधारणलाई आग्रह गरेको छ।

सूचीकरण नभएका सामाजिक सञ्जाल 'प्लेटफर्म' नेपाल भित्र निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टरनेट सेवा प्रदायकमार्फत पहुँच निषेध भइसकेकाले त्यस्ता सामाजिक सञ्जालको पहुँच प्राप्त गर्न अनधिकृत उपाय नअपनाउन मन्त्रालयले अनुरोध गरेको हो।

मन्त्रालयले हालसम्म हाम्रो पात्रो र ग्लोबल डायरी सूचीकरण भइ सक्रिय गराइसकेको जनाएको छ। मन्त्रालयका सहसचिव गजेन्द्रकुमार ठाकुरका अनुसार मन्त्रालयले औपचारिक रुपमा सामाजिक सञ्जाल निष्क्रिय बनाइसकेपछि सामाजिक सञ्जाल एक्स (ट्वीटर) र वीच्याटले सूचीकरणका लागि आवश्यक जानकारी माग गरेकामा सो विवरण उपलब्ध गराइ सकिएको छ।

नेपालमा सञ्चालनमा रही हालसम्म सूचीकरण नभएका सामाजिक सञ्जाल प्लेटफर्मले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियम परिपालनाको निगरानी गर्ने अधिकारी तोकी सूचीकरण हुन पुनः आह्वान गरेको छ। सूचीकरणका लागि कुनै पनि शुल्क दस्तुर नलाग्ने र सूचीकरण गरे पश्चात सोही क्षणदेखि पुनः सक्रिय गराइने मन्त्रालयका प्रवक्ता ठाकुरले जानकारी दिनुभयो।

नागरिकले प्रयोग गर्ने कुनै पनि सामाजिक सञ्जाल प्लेटफर्महरुलाई निषेध, नियन्त्रण वा संकुचित गर्ने नभई स्वनियमको माध्यमबाट व्यवस्थित, मर्यादित र जवाफदेही रुपमा प्रयोग गर्ने वातावरण निर्माण गर्न, सरकारको निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले सबैलाई आग्रह गरेको छ।

सरकारले यही भदौ २२ गतदेखि सूचीकरण नभएका सामाजिक सञ्जाललाई देशभित्र निष्कय गराएको छ। सञ्चार मन्त्रालयले यही भदौ १२ गते सार्वजनिक सूचनामार्फत सात दिनको समय दिई सामाजिक सञ्जाललाई सूचीकरणका लागि आग्रह गरेको थियो। सो समयसीमा भित्र सूचीकरण नभएका सामाजिक सञ्जाललाई निष्कय गराएको हो।

# बाघको आक्रमणबाट महिनामा चार जनाको मृत्यु

बारा, २३ भदौ (रासस)।

बाघको आक्रमणबाट बारामा एक महिनामा चार जनाको मृत्यु भएको छ। बाघको आक्रमणबाट मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका-१ का ५५ वर्षीय छेवाङ लामा, जीतपुरसिमरा-२ का ५५ वर्षीय कृष्णप्रसाद शर्मा, सोही वडाकै रमेश कार्की र मकवानपुरको मनहरी गाउँपालिकाका ५५ वर्षीय चन्द्रबहादुर भुलन रहेको प्रहरी उपरीक्षक सन्तोष तमाङले जानकारी दिनुभयो।

जिल्लाको जीतपुरसिमरा-४ स्थित प्रगतिशिल सामुदायिक वनमा बाघको आक्रमणबाट आइतबार एक पुरुषको ज्यान गएको थियो। इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीका अनुसार जीतपुरसिमरा-१ का ५५ वर्षीय छेवाङ लामाको बाघको आक्रमणबाट ज्यान गएको हो।

लामालाई आइतबार च्याउ टिप्न जङ्गल जाने क्रममा प्रगतिशील सामुदायिक वनभित्र बाघले आक्रमण गरेको हो। घाँस काट्न गएका स्थानीयले घटनास्थलमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

बाघलाई नियन्त्रणमा लिन चितवनबाट डार्ट टोली परिचालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिनुभयो। दुई वटा हात्ती सौराहाबाट बाघको खोजीका लागि आएको उहाँले बताउनुभयो। बाघलाई डार्ट गर्न पशु चिकित्सकसहितको टोली जङ्गल क्षेत्रमा परिचालन गरिएको छ।

### सामाजिक सञ्जाल...

गर्न चाहन्छौं जहाँ नागरिक हरेक निर्णयमा सहभागी हुन्छन्, सरकार जनताको सेवक हो र विचारको स्वतन्त्रता सर्वोपरि छ?

यो छनोट हाम्रो हो। समाजका हरेक सचेत नागरिक, विचारशील युवा, र विवेकशील नेतृत्वले यो समयको घडी बुझ्न सक्नुपर्छ। जबसम्म हामी अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सक्दैनौं, तबसम्म हामी लोकतन्त्रको रक्षा गर्न सक्दैनौं। सरकारलाई डर लाग्छ भने सत्यबाट डर लाग्दो हो–तर जनतालाई बोल्न डर लाग्न थालेको छ भने त्यो शासनको असफलता हो।

नेपालमा लोकतन्त्र अझै नयाँ छ। यो परिपक्व हुन समय लाग्छ। तर हरेक चोट, हरेक प्रतिबन्ध, हरेक बन्दले यसलाई कमजोर बनाउँदै लैजान्छ। त्यसैले हरेक नागरिक, संस्था, र नेताको कर्तव्य हो–लोकतन्त्रको आधारभूत मूल्य जोगाउनु। अभिव्यक्ति स्वतन्त्रता कुनै विशेष वर्गको अधिकार होइन, यो सम्पूर्ण समाजको सुरक्षाको ग्यारेन्टी हो।

हामी यो बुझ्नुपर्छ–आज फेसबुक, टिकटक, युट्युब बन्द भए, भोलि रेडियो, टेलिभिजन, अनि अखबार पनि बन्द हुन सक्छन्। आज पत्रकार पक्राउ परे, भोलि शिक्षक, कलाकार, विद्यार्थी सबैको पालो आउन सक्छ। अनि भोलि फेरि जनआन्दोलन आवश्यक पर्छ। त्यसैले आन्दोलन गर्नुअघि सचेत हुन आवश्यक छ। हरेक आवाजले लोकतन्त्रको संरक्षण गर्छ। बोलौं, उठौं, लेखौं–ताकि हामी फेरि एकपटक बन्दी होइन, स्वतन्त्र नागरिकको रूपमा बाँच्छौं।

## विश्व समाचार

### तेल बजारमा सुधारको सङ्केत, 'ओपेक प्लस'ले उत्पादन बढाउने

भिएना, २३ भदौ (रासस/सिन्ह्वा)।

खाडी मुलुकहरूको पेट्रोलियम निर्यात गर्ने राष्ट्रहरूको सङ्गठन र त्यसका सहयात्री मुलुकहरूको समूह (ओपेक प्लस) ले आइतबार एक भर्चुअल बैठक गरी आउँदो अक्टोबर महिनाबाट दैनिक एक लाख ३७ हजार ब्यारेलभन्दा बढी कच्चा तेल उत्पादन गर्ने निर्णय गरेका छन्।

साउदी अरेबिया, रसिया, इराक, संयुक्त अरब राष्ट्र, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानजस्ता आठ देशहरूले विश्व बजारको पछिल्लो अवस्था र भावी सम्भावनाको समीक्षा गरेपछि सो निर्णय गरिएको हो।

ओपेकको सूचनामा भनिएको छ,"२०२१ मार्चमा गरिएको १६ लाख ५० हजार ब्यारेल दैनिक स्वैच्छिक कटौतीमध्येबाट अहिले एक लाख ३७ हजार ब्यारेल उत्पादन फेरी सुरु गर्ने निर्णय गरिएको हो।"

ओपेकले विश्वको आर्थिक अवस्था हाल स्थिर रहेको र बजारको अवस्था सन्तुलित रहेको उल्लेख गरेको छ। तेलको भण्डारण न्यून रहेकोले बजारमा सुधारको सङ्केत देखिएको बताइएको छ। सो कटौती सन् २०२६ को अन्त्यसम्म लागू हुने गरी लम्ब्याइएको थियो। अहिलेको उत्पादन वृद्धिलाई बजारको अवस्थाअनुसार क्रमशः थप घटबढ गर्न सकिने ओपेकले जनाएको छ। ओपेक प्लस समूहले आगामी निर्णयहरूका लागि अक्टोबर ५ गते पुनः बैठक गर्ने जनाएको छ।

### आवश्यक परे रूसमाथि थप प्रतिबन्ध लगाइनेछ : ट्रम्प

वासिङ्टन, २३ भदौ (रासस/सिन्ह्वा)।

युक्रेनमा जारी द्वन्द्व अन्त्य गर्न कूटनीतिक प्रयासहरू ठप्प भइरहेका सन्दर्भमा, संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसविरुद्ध दोस्रो चरणको प्रतिबन्ध लागु गर्ने दिशामा ह्वाइट हाउस तयार रहेको जानकारी दिनुभएको छ।

ट्रम्पले आइतबार न्यूयोर्क प्रस्थान गर्नुअघि सञ्चारकर्मीहरूले राखेको प्रश्नको उत्तरमा संक्षिप्त प्रतिक्रिया दिँदै,"हो, म तयार छु," भन्नुभयो। यद्यपि, उहाँले प्रतिबन्धको स्वरूपका बारेमा थप विवरण दिनुभएन।

गत साता एक प्रतिष्ठित समाचार संस्थाले राष्ट्रपतिको कार्यालयमा कार्यरत दुई वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै जनाएअनुसार राष्ट्रपति ट्रम्प हाल रूस र युक्रेनबीचको द्वन्द्व चाँडै अन्त्य हुने सम्भावनामा आशावादी देखिनुँ भएको छैन। साथै, उहाँले दुवै राष्ट्रका राष्ट्रपतिबीच प्रत्यक्ष वार्ता शीघ्र सम्भव नहुने धारणा व्यक्त गर्नुभएको छ।

उक्त परिस्थितिका बीच, आइतबार बिहान रूसी पक्षबाट युक्रेनको राजधानी किएभमा गरिएको ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण सरकारी क्षेत्रभित्रको एक महत्वपूर्ण प्रशासनिक भवनमा क्षति पुगेको जनाइएको छ।

युक्रेनकी प्रधानमन्त्री युलिया स्विरिदेन्कोले उक्त आक्रमण युद्ध सुरु भएयता पहिलो पटक राजधानी किएभको मुख्य सरकारी भवनमा क्षति पुगेको बताउनुभयो। ह्वाइट हाउसले घटनालाई गम्भीर रूपमा लिँदै, आवश्यक परे थप निर्णायक कदम चाल्न सकिने सङ्केत गरेको छ।

### अमेरिकी प्रस्तावलाई हमासको समर्थन, युद्धविरामको सम्भावना बलियो

गाजा, २३ भदौ (रासस/सिन्ह्वा)।

हमासले युद्धविराम सम्झौताका लागि बन्धकहरूको रिहाइ सम्बन्धमा छलफल गर्न तयार रहेको जनाएको छ। गाजा क्षेत्रमा जारी द्वन्द्व अन्त्य, इजरायली फौजको पूर्ण फिर्ता र स्वतन्त्र प्यालेस्टिनी प्रशासन समिति गठनको सर्तमा हमासले सबै बन्धकहरूलाई मुक्त गर्ने विषयमा वार्ता गर्न इच्छुक भएको हो।

मध्यस्थकर्ताहरू मार्फत् अमेरिकी पक्षले प्रस्तुत गरेको युद्धविराम प्रस्तावलाई हमासले स्वागत गरेको छ। तर, विगतका सम्झौताहरू जस्तै यसपटक पनि इजरायलबाट स्पष्ट र प्रत्यक्ष प्रतिबद्धता नआए निराशा हुने सम्भावना रहेको हमासले जनाएको छ।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सामाजिक सञ्जालमा लेख्नुभयो,"इजरायलले मेरो शर्तहरू स्वीकार गरिसकेको छ। अब हमासले पनि स्वीकार गर्नुपर्ने समय आएको छ। यो मेरो अन्तिम चेतावनी हो।"

इजरायलका एक वरिष्ठ अधिकारीले नाम नखुलाउने शर्तमा बताएअनुसार, इजरायलले राष्ट्रपति ट्रम्पको प्रस्तावलाई गम्भीरतापूर्वक विचार गरिरहेको छ। प्रस्ताव अनुसार, गाजा सहरमाथिको आक्रमण स्थगित गरिने र युद्धविरामको पहिलो दिनमा करिब ४८ जना बन्धकमध्ये जीवित रहेका सबैलाई रिहा गरिने। यसका बदला हजारौं प्यालेस्टिनी बन्दीहरू रिहा गरिनेछन्।

युद्ध अन्त्यका लागि वार्ता राष्ट्रपति ट्रम्पको मध्यस्थतामा सुरु हुने र वार्ताका क्रममा युद्धविराम कायम रहने अपेक्षा गरिएको छ।

# दुई उत्कृष्ट विद्यार्थीलाई अमरनाथ झा स्मृति पुरस्कार



**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका दुई जना उत्कृष्ट विद्यार्थीलाई अमरनाथ झा स्मृति पुरस्कार २०८२ प्रदान गरिएको छ ।

पुरस्कार पाउने विद्यार्थीमा पब्लिक माध्यमिक विद्यालय लौनियाँकी पल्लवी ठाकुर र जनता माध्यमिक विद्यालय तोपाका ओमनारायण यादव रहेका छन् ।

अमरनाथ झा मेमोरियल ट्रष्टले दिवंगत प्रधानाध्यापक झाको दोस्रो स्मृतिमा सोमबार आयोजित कार्यक्रममा गत वर्षको एसईईमा उत्कृष्ट अंक ल्याउने तिलाठी कोईलाडीका एक छात्र र एक छात्रालाई नगदसहित पुरस्कृत गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष अरुणकुमार मंडल र विशिष्ठ अतिथि समाजसेवी इन्जिनियर शैलेन्द्रमोहन झाले उनीहरुलाई जनही २५ हजार ५ सय रुपैयाँ सहित प्रमाणपत्र प्रदान गरे ।

पुरस्कार वितरण कार्यक्रममा पालिका अध्यक्ष मंडलले शिक्षाको विकासप्रति सबै जनप्रतिनिधि गम्भिर रहेको बताउँदै पालिका भित्रका १७ वटै विद्यालयमा अहिले जनशक्ति र पूर्वाधारको अभाव नरहेको स्पष्ट समेत पारे ।

सो अवसरमा अवकाश प्राप्त प्रधानाध्यापक भागवत झाले दिवंगत प्रधानाध्यापक अमरनाथ झाको योगदानबारे स्मरण गर्दै उनलाई एक आदर्श शिक्षकका रूपमा प्रस्तुत गरे । दिवंगत झा पब्लिक माध्यमिक विद्यालय लौनियाँ तिलाठीका प्रधानाध्यापक थिए ।

ट्रष्टका अध्यक्ष राजिव झाको अध्यक्षतामा आयोजित पुरस्कार वितरण कार्यक्रममा जसपा केन्द्रिय सदस्य डा. बबी सिंह यादव, तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर १ का अध्यक्ष दिनेश्वर मिश्र, पुरस्कार छनोट समिति संयोजक दयाकान्त झा, सदस्य निरज मुक्ति, सल्लाहकार शम्भु झा, लगायतकाले दिवंगत प्रधानाध्यापक झा को शैक्षिक र सामाजिक योगदानबारे चर्चा गरेका थिए ।

# सरकारद्वारा सामाजिक सञ्जाल 'प्लेटफर्म'लाई दर्ता प्रक्रियामा आउन पुनः आग्रह

काठमाडौं, २३ भदौ (रासस) ।

सरकारले सबै सामाजिक सञ्जाल 'प्लेटफर्म'लाई दर्ता प्रक्रियामा आउन पुनः आग्रह गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गरी नेपालको संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै व्यवस्थित र जवाफदेही 'डिजिटल' वातावरण सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको जनाउँदै प्रक्रियामा आउन सबैलाई आग्रह गरेको हो ।

सञ्चार मन्त्रालयका प्रवक्ता एवम् सहसचिव गजेन्द्र ठाकुरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नेपालमा सञ्चालनमा रही हालसम्म सूचीकरण नभएका सबै सामाजिक सञ्जाल प्लेटफर्महरूले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम नेपालभित्र सम्पर्कविन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियम परिपालनाको निगरानी गर्ने अधिकारी तोकी सूचीकरण हुन सम्बद्ध सबै सरोकार भएकाहरूमा पुनः आग्रह गर्दछ । सूचीकरणका लागि कुनै पनि शुल्क दस्तुर नलाग्ने र सूचीकरण गरेपश्चात् सोही क्षणदेखि पुनः सक्रिय गराइने व्यहोरा पुनः जानकारी गराइन्छ ।"

सम्मानित सर्वोच्च अदालतको आदेश परिपालनाका लागि समेत लागि यही भदौ ९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले निर्देशिकाबमोजिम सात दिनको म्याद दिई सूचीकरणका लागि यही भदौ १२ मा सार्वजनिक सूचना प्रकाशन गरेको थियो । तोकिएको समय सीमाभित्र सूचीकरणका लागि सम्पर्क गर्न नआएका सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणदेखि पुनः सक्रिय गराउने प्रक्रिया सुरु भइसकेको मन्त्रालयले जनाएको छ ।

नेपालमा सञ्चालित सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र जवाफदेही बनाउन सरकारले सूचीकरण हुन पटक पटक आह्वान गरेको पनि मन्त्रालयले स्मरण गराएको छ । "यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले अदालतको अवहेलनासम्बन्धी मुद्दा (मुद्दा नं ०८०-सिएफ-००१२) मा स्वदेशी वा विदेशी उत्पत्तिका 'अनलाइन' तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालनपूर्व अनिवार्य रूपमा सम्बन्धित साधिकार निकायबाट सूचीकरण गरी अनिच्छित सामग्रीहरूको मूल्याङ्कन र अनुगमन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको पनि अवगत नै छ", विज्ञप्तिमा उल्लेख छ, "मन्त्रालयले औपचारिक रूपमा सामाजिक सञ्जाललाई निष्क्रिय गराइसकेपछि यही भदौ २२ सम्ममा 'स्मार्ट आइडिया प्राइभेट लिमिटेड' (हाम्रो पात्रो) र 'ग्लोबल डायरी प्राइभेट लिमिटेड' दर्ता भई सक्रिय भइसकेका छन् । यसैगरी, सामाजिक सञ्जालहरू ट्विटर (एक्स) र विच्याटले सूचीकरणका लागि आवश्यक जानकारी माग गरेकामा सो विवरण उपलब्ध गराई सकिएको छ ।"

प्रवक्ता ठाकुरले नेपाल सरकारको निर्णयबमोजिम सूचीकरण नभएका सामाजिक सञ्जाललाई नेपालभित्र निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट मोबाइल तथा इन्टरनेट सेवा प्रदायकमार्फत ती सामाजिक सञ्जालहरूको पहुँच निषेध भइसकेको र त्यस्ता सञ्जालको पहुँच प्राप्त गर्न असुरक्षित, अनधिकृत, जोखिमयुक्त 'भर्चुअल प्राइभेट नेटवर्क' (भिपिएन) प्रयोग नगर्न/नगराउनसमेत अनुरोध गर्नुभएको छ ।

मन्त्रालयले सरकारको निर्णय सामाजिक सञ्जाल प्लेटफर्मलाई निषेध, नियन्त्रण वा सङ्कुचित गर्ने नभई स्वनियमनको माध्यमबाट व्यवस्थित, मर्यादित र जवाफदेही रूपमा प्रयोग गर्ने वातावरण निर्माण गर्नु रहेको जनाउँदै यसमा सहयोग गर्न आमनागरिक र सम्बन्धित सबैमा अपिलसमेत गरेको छ ।

# आन्दोलनका घाइतेको उपचार निःशुल्क गर्न स्वास्थ्य मन्त्रालयको निर्देशन

काठमाडौं, २३ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार भएको आन्दोलनमा घाइते भएका नागरिकको उपचार निःशुल्क गर्न मातहतका सबै सङ्घीय अस्पतालहरूलाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको अग्रसरतामा मन्त्रालयले सङ्घीय अस्पतालमा आउने आन्दोलनका घाइतेलाई कुनै शुल्क नलाग्ने गरी शीघ्र उपचारको व्यवस्था गर्न 'सर्कुलर' जारी गरिएको हो ।

यसैगरी, मन्त्रालयले एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन र आवश्यक परेका विभिन्न स्थानमा सहजै उपलब्ध गराउन पनि निर्देशन दिएको छ । काठमाडौं उपत्यकाको एम्बुलेन्स सञ्जाललाई अस्पतालबाट 'रिफर' हुने बिरामीलाई अर्को अस्पतालमा लिएर जान सहजीकरणका लागि समेत आह्वान गरेको छ । साथै, सम्पूर्ण चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई एकजुट भई घाइतेको उपचारमा जुट्न पनि मन्त्रालयले आह्वान गरेको छ ।

# 'जेनजी'को माग तत्काल सम्बोधन गर्न माओवादीको माग

काठमाडौं, २३ भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले 'जेनजी' पुस्ताले उठाएका माग तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गरेको छ । जनजागरण अभियानअन्तर्गत गोरखा पुगेको माओवादी केन्द्रले भीमसेन थापा गाउँपालिका-३, टारिफाँटमा सोमबार आकस्मिक पदाधिकारी बैठक राखी उक्त माग गरेको हो ।

बैठकले जारी जनतासँग माओवादी मध्यपहाडी (पुष्पलाल लोकमार्ग) जनजागरण अभियान स्थगित गर्दै भोलि मङ्गलबार काठमाडौंमा पूर्ण पदाधिकारी बैठक बोलाउने निर्णय गरेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । बैठकले जेन-जी पुस्ताको प्रदर्शनका क्रममा भएको मानवीय क्षतिको घटनाले स्तब्ध र गम्भीर बनाएको जनाएको छ ।

माओवादीले जेनजीले उठाएका सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र मुलुकमा सुशासन कायम गर्ने माग तत्काल सम्बोधन गर्न तथा स्थिति थप बिग्रिन नदिन जिम्मेवारीपूर्वक ठोस कदम चाल्न सरकारसमक्ष माग गरेको छ ।

# सिरहामा चटचाङ लागेर एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २३ भदौ ।**

सिरहामा चटचाङ लागेर एक महिलाको मृत्यु भएको छ । सिरहा नगरपालिका-१९ स्थित जोगिया टोलकी ५० वर्षीया सुलेनादेवी मण्डलको आइतबार दिउँसो चटचाङ लागेर घटनास्थलमै मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार मण्डल आफ्नै खेतमा घाँस काट्ने क्रममा चटचाङ लागेको थियो ।

प्रत्येक वर्ष मनसुनको समयमा चटचाङ लाग्ने घटनामा वृद्धि हुने गरेको भन्दै उनले स्थानीय बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका छन् ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*